शुद्धोधन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लवनी,कपिलवस्तु,लु.प्रदेश नेपाल
औषधि तथा औषधिजन्य सामग्री खरिद दरभाउ पत्र आव्हानको सूचना
पहिलो पटक प्रकाशित मिति २०८/ २ /०१

यस शुद्धोधन गाउँ कार्यपालिका कपिलवस्तुको लागि आ.व.०७५/०७६ को लागि यस गाउँ पालिका अर्न्तगत रहेका स्वास्थ्य संस्थाहरुको लागि अवस्यक पर्ने औषधि तथा औषधिजन्य सामग्री गोप्य सिलवन्दी दरभाउ पत्र द्वारा खरिद गरिने भएकोले इच्छुक ईजाजत प्राप्त फर्म तथा कम्पनीबाट निर्धारित शर्तहरुको परिधि भित्र रही नियमअनुसारको गोप्य शिलवन्दी दरभाउ पत्र आव्हान गरिन्छ ।

१. यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्रौ) दिनसम्म रु.१०००।(एक हजार मात्र) फिर्ता नहुने गरी यस कार्यालयको प्राइम कर्मार्शियल बैक लवनी शाखामा रहेको सञ्चित कोष खाता न ०६३०००१,३CA खातामा जम्मा गरी सक्कल बैक भौचर संलग्न राखी यस शुद्धोधन गाउँपालिका कपिलवस्तुबाट दरभाउ खरिद गर्न सकिने छ र गोप्य शिलवन्दी दरभाउ पत्र १६औं दिनको १२:०० बजे सम्म यस गाउँपालिकाको कार्यालयमा दर्ता गराउन सकिने छ । तर दरभाउ खरिद गरिने अन्तिम दिन वा दरभाउ दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा त्यसको भोलि पल्ट क्रमशः हुनेछ ।

२. दरभाउ पत्र खरिद गर्नको लागि निवेदकले निवेदनसाथ आ.व.०७४/०७५ को कर चुक्ता प्रमाण पत्र नविकरण गरिएको कम्पनी दर्ता प्रमाण पत्र वा फर्म दर्ता प्रमाण पत्र औषधि सप्लायर्स मू.अ.कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राख्नु पर्नेछ ।

३. दर्ता हुन आएका सिलवन्दी दरभाउ पत्रहरु १६ औं दिनको २ बजे यस शुद्धोधन गाउँपालिकाको कार्यालय लवनी कपिलवस्तुमा गा.पा.प्रतिनिधिहरु तथा दरभाउदाता वा प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोलिलनेछ ।

४. शिलवन्दी दरभाउसाथ बैंक जमानत बापत ३% ले हुने रकम अनुसारको रकम युस शुद्धोधन गा.पा.को प्राइम कमर्शियल बै.लवनी शुद्धोद्धनमा रहेको खाता नं. ०६३०००६० CA मा जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्रदाताले दाखिल गर्ने मितिले मान्य अवधि १२० दिन मान्य अवधि भएकोले बैंक जमानी पत्र गाउँपालिकाको नाममा जारी गरिएको जमानत पत्र संलग्न राख्नुपर्नेछ ।

५. दरभाउपत्रमा दर अंक र अक्षर महलमा स्पष्ट खुलाउनुपर्नेछ , अंक तथा अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । मूल्य अभिवृद्धि कर अंक र लाग्ने आइटम लेख्नु पर्नेछ । विवरण उल्लेख नभएको वस्तु वा सामग्रीको मू.अ.कर भुक्तानी गरिने छैन । दरभाउ पत्र प्याकेज प्रणालीमा भएको हुनाले BOQ को सम्पूर्ण महलमा भर्नु पर्नेछ ।

६. आपूर्ति गरिएका औषधि तथा औषधिजन्य सामग्रीहरु दाखिला मितिले कर्स्तीमा २ वर्षको म्याद भएको हुनुपर्नेछ म्याद कम भएका औषधि तथा औषधिजन्य सामग्रीको कर्स्तीमा पनि ७५ प्रतिशत म्याद भएको हुनु पर्नेछ ।

७. दरभाउपत्रदाताले पूरा ठेगाना , फोन नं.र भए फ्याक्स नं.तथा मोवाइल नं. आदि खुलाउनुपर्नेछ । दरभाउ पत्र स्वीकृत भएको जानकारी पाएर पनि तोकिएको समय अवधि भित्र सम्झौता गर्न नआएमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम कार्वाही गरिने छ ।

८. DDA/WHO-GMP प्रमाण पत्र प्राप्त कम्पनीको मात्र औषधि, सामग्री खरिद गरिनेछ । दरभाउपत्रको महलमा कुन कम्पनीको औषधि तथा औषधिजन्य सामग्रीहरु आपूर्ति गरिने हो कम्पनीको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

९. दरभाउपत्रदाताले खरिद आदेश पाएको ३० औं दिन भित्र यस गा.पा.मा खरिद आदेश अनुसारका औषधि तथा औषधिजन्य सामग्रीहरु दाखिला गर्नु पर्नेछ । दाखिला गर्न नसकेमा गा.पा.बाट ती औषधि तथा औषधिजन्य सामग्रीहरु पाए सम्म दरभाउ पत्रकै दर रेटमा र नपाएमा उचित बजार मूल्यमा खरिद गरी ल्याइनेछ । र सम्बन्धित दरभाउपत्र दाताले पाउने रकमबाट उक्त रकम कट्टा गरी भुक्तानी गरिनेछ ।

१०. खरिद आदेशमा उल्लेखित औषधि तथा औषधिजन्य सामग्रीहरु यस गा.पा.को स्टोर सम्म दरभाउपत्रदाताले पुरयाउनु पर्नेछ । उक्त सामग्रीहरु दाखिला गर्दा सम्म लाग्ने ढुवानी भाडा तथा अन्य कर, सेवा शुल्क दरभाउपत्रदाताले नै व्यहोर्नु पर्नेछ । त्यसको लागि गा.पा.ले छुट्टै रकम भुक्तानी गर्ने छैन ।

११. निशुल्क स्वास्थ्य सेवा कार्यक्रम अन्तरगतको खरिद आदेश बमोजिमका औषधि तथा सामग्रीहरुमा नमेटिने गरी ठूलो अक्षरमा Supply for Ins/निशुल्क वितरणको लागि भनि लेखिएको हुनु पर्नेछ ।

१२. एक फर्म वा कम्पनीको नाममा खरिद गरिएको दरभाउपत्र फारम अर्को फर्म वा कम्पनीको नामवाट दाखिला गर्न पाइने छैन ।

१३. यो सूचनामा उल्लेख हुन छुट भएका अन्य व्यहोरा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली२०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ । अन्य कुरा बुझ्न परेमा यस गा.पा.को प्रमुख प्रशासकीय अधिकृतको फोन नं.९८५७०५२१०१ मा वा कार्यालय समय भित्र कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

ठे.नं.	कामको विवरण	ल.ई.रकम भ्याट सहित	धरौटी रकम(३%)
०७५/०७६	औषधि तथा औषधिजन्य सामग्री खरिद	१७९७८९२१६९	५३९३७००

२०७८।२।१९
प्रमुख प्रशासकिय अधिकृत
प्रेम प्रसाद खरेल
प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner